मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
बिराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

कोशी प्रदेश तथा देशविदेशमा रहनुभएका सम्पूर्ण इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरूमा पवित्र पर्व बकर ईद (ईद-उल-अधा) को अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

त्याग, समर्पण, सहिष्णुता, आपसी सद्भाव र मानव सेवाको सन्देश बोकेको बकर ईदले समाजमा आपसी एकता, भाइचारा, सामाजिक सद्भाव तथा धार्मिक सहिष्णुता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। यस पर्वले सबै समुदायबीच प्रेम, सम्मान, सहकार्य र आपसी विश्वास अझ सुदृढ बनाउन प्रेरणा प्रदान गर्ने विश्वास लिएको छु।

बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसाँस्कृतिक विशेषतायुक्त हाम्रो मुलुकमा यस्ता पर्वले विविधताबीचको एकता कायम गर्न उत्प्रेरित गरिरहेको हुन्छन्। कोशी प्रदेश सरकारले आफ्नो स्थापना कालदेखि नै सबै जातजाति, धर्म र संस्कृतिको सम्मान गर्दै तिनीहरूको संरक्षण र संवर्धनलाई विशेष प्राथमिकतामा राखेको छ। आफ्नो सीमित स्रोत र साधनका बाबजुद सबै  धर्म, संस्कृति र परम्पराको जगेर्ना गर्न प्रदेश सरकार प्रयत्नशील छ।

अन्त्यमा, स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण मुस्लिम समुदायसहित सबै नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

१४ जेठ २०८३

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश
मुख्यमन्त्री